# उद्योग मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९७ निकायको यो वर्ष विनियोजन रु २ अर्ब ४३ करोड ४० लाख, राजस्व रु.१ अर्ब २६ करोड ४५ लाख, धरौटी रु.२० करोड १५ लाख र अन्य कारोबार रु.३६ करोड १२ लाखसमेत रु.४ अर्ब २६ करोड १२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समिति १२ को रु.११ अर्ब ५३ करोड २९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** सार्वजनिक लेखा समितिबाट २०७३।३।२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका कम्पनीहरुले नियमित रुपमा बुझाउनुपर्ने काजात तथा विवरणहरु ढिला बुझाएबापत लाग्ने शुल्क तथा जरिबाना असुल उपर गर्न निर्देशन दिएकोमा असुल भएको छैन । यो वर्षको रु.५८ लाख ३३ हजार शुल्क तथा जरिबाना असुल गर्नुपर्ने देखिएको छ । त्यसैगरी ८ करदाताको भन्सार महसुल फिर्ता रु. ७ करोड २२ लाख ६९ हजार सम्बन्धित करदाताको वित्तीय विवरणमा आम्दानी जनाएको आश्वस्त हुने व्यवस्था मिलाउनुपर्ने, खानी तथा भूगर्भ विभागले २०५६ देखि २०७२ सम्म खनिज पदार्थको उत्खनन् गर्न अनुमति दिइएका ३० उद्योगले खानी सञ्चालन नगरेको अनुगमन गर्नुपर्ने लगायतका व्यहोरा विगतका प्रतिवेदनमा समावेश गरेकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

## उद्योग विभाग

२. **नगद प्रोत्साहन अनुदान –** नगद प्रोत्साहन कार्यविधि, २०७० मा उल्लिखित वस्तु तेस्रो मुलुक निर्यात गर्ने उद्योगहरुलाई नगद प्रोत्साहन भुक्तानीको लागि यो वर्ष विभागले रु.३० करोड नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराएको छ । नेपाल राष्ट्र बैंकमा रहेको सशर्त अनुदानको उक्त रकम गत वर्षको बाँकी रु.२३ करोड ४० लाख १७ हजार र यो वर्षको रु.३० करोडसमेत रु.५३ करोड ४० लाख १७ हजारमध्ये यो वर्ष विभिन्न उद्योगलाई रु.१९ करोड ८७ लाख ८१ हजार नगद प्रोत्साहन वितरण गरी रु.३३ करोड ५२ लाख ३६ हजार मौज्दात रहेको छ । नेपाल राष्ट्र बैङ्कलाई प्रत्येक वर्ष उपलब्ध गराएको रकम सो वर्षमा पूरै खर्च नभई मौज्दात रहने गरेको पाइएकोले त्यस्तो खर्च नभई बाँकी रहेको रकम फिर्ता प्राप्त गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

निर्देशिकाअनुसार अनुदान प्राप्त गर्ने उद्योगहरुको निर्यातमा न्यूनतम ३० प्रतिशत मुल्य अभिवृद्धि भएको हुनुपर्नेमा त्यसको विश्लेषण नगरी अनुदान दिएको र अनुदान प्राप्त गर्ने उद्योगले कार्यविधिमा तोकिएको वस्तु तेस्रो मुलुकमा निर्यात गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कार्यविधिमा उल्लेखित प्रावधानहरुको कार्यान्वयन एवं सो को अनुगमन गर्नु पर्दछ ।

३. **दोहोरो संरचना -** औद्योगिक नीतिमा लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन एवं प्रशासनमा कार्यरत निकायहरुबीचको दोहोरोपन र अस्पष्टता हटाउन केन्द्रीयस्तरमा राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड गठन गरिने व्यवस्था भएकोमा हालसम्म पनि घरेलु तथा साना उद्योगको इजाजत, दर्ता, नवीकरणलगायतका समान उद्देश्य राखी घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय दुबैलाई निरन्तरता दिइएको छ । प्रशासन सुधार आयोगको प्रतिवेदन, २०४८ ले समेत घरेलु तथा साना उद्योग विकास समिति तथा घरेलु तथा ग्रामीण उद्योग विभागलाई एकीकृत गर्नु उपयुक्त हुने सुझाब दिएपनि हालसम्म यस किसिमको दोहोरो संस्थागत संरचनाको अन्त्य भएको छैन ।

४. **नेतृत्वमा परिवर्तन –** घरेलु तथा साना उद्योग विकास समिति (गठन आदेश) २०५० को दफा ७(२) मा कार्यकारी निर्देशकको पदावधि ४ वर्षको हुने उल्लेख छ । विगत केही वर्षको कार्यकारी निर्देशकको कार्यअवधि अध्ययन गर्दा २०६३।४।१ देखि २०६९।६।२८ सम्म ६ जना कार्यकारी निर्देशक नियुक्ति भएको र निजहरुको औसत कार्य अवधि १ वर्षमात्र रहेको पाइयो । पछिल्लो समय चार वर्षको लागि २०६९।८।१८ मा नियुक्ति भएका कार्यकारी निर्देशकलाई २ वर्ष १ महिनामा सरुवा गरी २०७३।४।३१ सम्म समितिका विभिन्न

३ जना कर्मचारीहरुलाई निमित्त कार्यकारी प्रमुख बनाएको देखियो । कार्यकारी निर्देशक नियुक्ति गर्दा अपनाउनुपर्ने कार्यविधि र मापदण्ड तयार गरी पूर्णकार्यकालको लागि जिम्मेवारी सुम्पिनुपर्दछ ।

५. **नवीकरण तथा खारेजी -** प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०७० को नियम ४ मा दर्ता भएका उद्योगहरु ५ वर्ष अवधि पश्चात् नवीकरण गर्नुपर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं र ललितपुरमा प्राइभेट फर्मतर्फ मात्र २०६७।६८ सम्म दर्ता भई २०७२।७३ मा नवीकरण गर्नुपर्ने उद्योगहरु ४७ हजार २९३ रहेकोले ती उद्योगहरुको नवीकरण वा दर्ता खारेजी गर्नुपर्ने देखिएको छ ।

६. **पदक तथा विभूषण -** मन्त्रिपरिषदको २०६९।९।१९ को निर्णयानुसार गृह मन्त्रालय विभूषण तथा बैठक समारोह प्रबन्ध शाखाबाट विभिन्न मितिमा हस्तान्तरण भै आएका मूल्य नखुलेका ३६ हजार ६८० थान महेन्द्रमाला, नेपाल प्रताप भास्कर, ओजश्वी राजन्य, महागौरव तेजश्वी त्रिभुवन श्रीपदलगायतका बहुमूल्य धातुहरुबाट बनेका मानपदवी, अलंकार, पदक र विभूषण कार्यालयको भण्डार कोठामा रहेको देखियो । यस सन्बन्धमा पदाधिकारीहरुसँग छलफल गर्दा स्थान र सामान राख्ने सुरक्षित सेफबक्स आदिको अभावमा व्यवस्थित गर्न नसकिएको जानकारी प्राप्त भएको छ । विभागसँग समन्वय गरी यस्ता बहुमूल्य पदक तथा विभूषणहरुलाई संरक्षण र प्रयोगको लागि व्यवस्थापन गर्नुपर्दछ ।

७. **विशेष आर्थिक क्षेत्र -** विशेष आर्थिक क्षेत्र विकास समितिले मुलुकको विभिन्न १५ स्थानमा विशेष आर्थिक क्षेत्र निर्माण गर्ने योजनाअनुरुप २०६०।६१ वाट शुरु भएको भैरहवा विशेष आर्थिक क्षेत्रमा प्लान्ट डिमार्केसन, साना सवारीसाधन पार्किङ, वाटर ट्रिटमेन्ट प्लान्ट, पेट्रोल पम्प निर्माणबाहेक अन्य कार्यहरु १३ वर्षमा सम्पन्न गरेको छ । शुरु लागत अनुमान रु.३९ करोड ४९ लाख २८ हजार भएको सो कार्यमा हालसम्म रु.५९ करोड ६५ लाख ५५ हजार खर्च भएको छ । गुरु योजनाबमोजिम बाँकी कार्य यथाशीघ्र सम्पन्न गरी उद्योग स्थापना मार्फत निकासी प्रर्वधन गर्नुपर्दछ । त्यस्तै गोरखा, सिरहा, रौतहट, धनुषा, धनगढी, कपिलवस्तुमा विशेष आर्थिक क्षेत्र निर्माणको लागि सम्भाव्यता अध्ययन भएको, झापा र नेपालगन्जको पूर्वसम्भाव्यता अध्ययन भएकोमा पूर्वाधार निर्माणको कार्य अगाडि नबढेको र नुवाकोटमा जग्गा हस्तान्तरणमा समस्या रहेको देखिन्छ । गुरुयोजनाअनुसार बाँकी १४ स्थानमा समेत समयमै विशेष आर्थिक क्षेत्र निर्माण गर्नुपर्दछ ।

## पेट्रोलियम अन्वेषण परियोजना

८. **भू बहाल कर –** भू बहाल करबापत एक कम्पनीबाट प्राप्त रु.५ करोडमध्ये रु.४ करोड ५१ लाख ३२ हजार दाखिला गरी बाँकी रहेको रु.४८ लाख ६८ हजार सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

## घरेलु तथा साना उद्योग विभाग

९. **सशर्त अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३३ बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष लघु घरेलु तथा साना उद्योग विकास कोषमा रु.४ करोड १० लाख बजेट निकासा भएकोमा महिला कर्जा कोषमा रु.२० लाख र लघु कोषमा रु.१० लाखसमेत रु.३० लाख खर्च नभई बाँकी रहेको पाइयो । उक्त रकममध्ये वाणिज्य बैङ्कलाई दिएको सशर्त अनुदान रु.३ करोड ८० लाखको खर्चको विवरण, प्रगति प्रतिवेदन पेश नहुनुको साथै विभागले अनुगमन समेत गरेको छैन । उक्त रकम तोकिएका उद्योगमा लगानी गर्न विभागले थप सक्रियता देखाउनुपर्दछ ।

## कम्पनी रजिष्ट्रारको कार्यालय

१०. **कम्पनी दर्ता प्रकृया -** कम्पनी ऐन, २०६३ को दफा ३ मा कुनै व्यक्तिले एक्लै वा संयुक्त रुपमा कुनै उद्यम गर्न चाहेमा अनलाइन वाट कम्पनी दर्तासम्बन्धी सेवा लिन सक्ने व्यवस्था गरेको छ । कार्यालयले यो वर्षसम्म युजर आई.डी. लिएका ९३ हजार ७२ कम्पनीमध्ये २५ हजार ४४९ र यूजर आई.डी. नलिएका ६० हजार ३७८ कम्पनी दर्ता भएका मध्ये २०७२।०७३ सम्म १७ हजार ५३१ मात्र अद्यावधिक गरेको देखियो । लामो समयसम्म निष्क्रिय रहेका कम्पनीहरुको सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक कारबाही नगरेको कारण राजस्व असूलीमा प्रत्यक्ष प्रभाव पर्ने व्यहोरा गत वर्ष औंल्याएकोमा सुधार भएको पाइएन

# संगठित संस्था

## जनकपुर चुरोट कारखाना लिमिटेड (२०७०।७१)

११. **वित्तीय स्थिति र सञ्चालन नतिजा –** कारखानाको यस वर्षको शेयर पुँजी कोष रु.४ करोड ८ लाख, जगेडा तथा सञ्चित नोक्सान रु.२ अर्ब ५० करोड ३४ लाख, मध्यम तथा दीर्घकालीन ऋण रु.२ अर्ब ५१ करोड ६१ लाख रहेको छ । स्थिर सम्पत्ति रु.२ करोड ४२ लाख, लगानी रु.५ करोड १० लाख र खुद चालु सम्पति रु.२ करोड १७ लाख ऋणात्मक रहेको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.९९ करोड ६४ लाख भएकोमा यो वर्ष रु.१ अर्ब ५७ करोड १५ लाख थप नोक्सान भई वर्षान्तमा सञ्चित नोक्सानी रु. २ अर्ब ५६ करोड ७९ लाख पुगेको छ ।

१२. **लेखाङ्कन नभएको** – भारतको दुई आपूर्तिकर्ताबाट ५ बर्ष अघि खरिद गरेको सुर्ती ३४.३ टनको रु.८१ लाख खरिदमा लेखाङ्कनभएको छैन । कारखानाले उत्पादन गर्न बन्द गरी मजदुर तथा कर्मचारीहरुलाई अवकाश दिइसकेको अवस्थामा ५ वर्षभन्दा पुरानो कच्चा पदार्थ, भन्सार र अन्यखर्च समेतको व्ययभारमा आयात गरी लेखाङ्कन गर्दा कम्पनीलाई नोक्सान पुगेको देखिन्छ । सम्बन्धित आपूर्तिकर्तासँग सम्झौतामा भुक्तानी ढिला गरे ब्याजसमेत व्यहोर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

## नेपाल औषधि लिमिटेड (२०७०।७१)

१३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** यो वर्ष कम्पनीको शेयर पुँजी रु.७ करोड ५५ लाख, जगेडा कोष तथा सञ्चित नाफा रु.१ अर्ब ४ करोड ३ लाख ऋणात्मक, मध्यम तथा दीर्घकालीन ऋण रु.३३ करोड ९ लाख स्थिर सम्पत्ति रु.१ करोड ९६ लाख, लगानी रु.१३ लाख र खुद चालु सम्पत्ति रु.६५ करोड ४८ लाख ऋणात्मक रहेको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.९२ करोड रहेकोमा यो वर्ष नोक्सान रु.१५ करोड १२ लाख वृद्धि भई रु.१ अर्ब ७ करोड १२ लाख पुगेको छ ।

१४. **हिसाब मिलान -** कम्पनीले कच्चा पदार्थ रु.७८ लाख ७३ हजार तथा अन्तिम तयारी औषधि रु.७४ लाख ३३ हजार गरी रु.१ करोड ५३ लाख खर्च लेखी हिसाब मिलान गरेको छैन । काम नलाग्ने यस्ता कच्चा पदार्थ तथा औषधिहरुका सम्बन्धमा व्यवस्थापनले समयमा नै निर्णय गरी भण्डार व्यवस्थापन सरल बनाउने र सम्भावित नोक्सानीबापत व्यवस्था गर्नुपर्दछ ।

१५. **असामी -** कम्पनीले व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने भनी रु.१ करोड १६ लाख देखाएको छ । विगतदेखि उठ्न बाँकी रहेको असामीहरु हाल अस्तित्वमा रहे नरहेको र तिनको अवस्थाको बारेमा जानकारीहरु सङ्कलन गरी रकम उठ्न सक्ने नसक्ने अवस्थाको विश्लेषण गरी उठ्न नसक्ने रकमलाई मिनाहा गर्ने र शंकास्पद असामीको लागि सम्भावित नोक्सानीको व्यवस्था गर्नुपर्दछ । साथै कम्पनीको प्रतीतपत्र तथा बैङ्क जमानतको रु.१२ लाख ८५ हजार विगतदेखि बाँकी रहेकाले उठ्न नसक्नेको हकमा मिनाहा गर्ने अथवा शंकास्पदको हकमा सम्भावित नोक्सानी व्यवस्था गर्नुपर्दछ ।

१६. **ऋण हिसाब -** नेपाल सरकारलाई तिर्नुपर्ने ऋण तथा व्याज मध्ये भाखा नाघेको ऋण रु.१५ करोड २५ लाख ६३ हजार तथा व्याज रु.८ करोड ७८ लाख १६ हजारलाई व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने रकम अन्तर्गत राखेको र भाखा ननाघेको ऋण रु.३३ करोड ९ लाख ५९ हजारलाई आफ्नो चल अचल जायजेथा धितो राखी लिएको ऋणलाई सुरक्षित ऋणमा वर्गीकरण नगरी असुरक्षित मध्यम तथा दीर्घकालीन ऋणमा वर्गिकरण गरी वित्तीय विवरणमा देखाइएको पाइयो । नेपाल लेखामान अनुसार ऋण रकमलाई चालु तथा दीर्घकालीन रुपमा वर्गीकरण गरी वित्तीय विवरणमा देखाउनु पर्नेमा सो गरेको पाइएन । अतः उक्त रकमलाई सही रुपमा वित्तीय विवरणमा देखाउनुपर्दछ ।

१७. **अग्रिम भुक्तानी -** कम्पनीले विगत बर्षहरुमा आपूर्तिकर्ता र अन्यलाई रु.१ करोड ५४ लाख अग्रिम भुक्तानी गरेकोमा हाल उठ्न सक्ने अवस्थामा रहे नरहेको यकिन नगरेको र उठ्न नसक्नेको हकमा मिनाहा गर्ने अथवा शंकास्पदको हकमा सम्भावित नोक्सानी व्यवस्था गरेको पाइएन ।

१८. **कर्मचारी जीवन बीमा -** कम्पनीको कर्मचारी सेवा शर्त नियमावली, २०५४मा समावेश गरी मात्र जीवन बीमाको प्रावधान राख्नुपर्ने र अर्थ मन्त्रालयको पूर्वसहमति विना कर्मचारीको जीवन बीमा कोष सिर्जना गर्न नमिल्नेमा सञ्चालक समितिको २०६९।१२।१८ को निर्णयले कर्मचारी अवकाश हुँदा वा नेपाल सरकारले कम्पनी बन्द गराउँदा कर्मचारीहरुलाई सुरु तलबको ५ वर्षले हुने रकम खर्च लेख्ने निर्णय गरेकोले कम्पनीलाई रु.१७ करोड ८० लाख थप व्यय भार परेको छ।

## हेटौंडा सिमेन्ट उद्योग लिमिटेड (२०७१।७२)

१९. **वित्तीय स्थिति र सञ्चालन नतिजा –** उद्योगको यस वर्षको शेयर पुँजीकोष रु.९० करोड ७ लाख, जगेडा तथा सञ्चित नोक्सान रु.८३ करोड १५ लाख, गैर चालु दायित्व रु.१ अर्ब १५ करोड ५ लाख, चालु दायित्व रु.५१ करोड ७१ लाख रहेको छ । त्यस्तै गैरचालु सम्पत्ति रु.९३ करोड ९६ लाख र चालु सम्पति रु.७९ करोड ७२ लाख रहेको छ । उद्योगको नेटवर्थ रु.६ करोड ९२ लाख रहेको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.६९ करोड ३१ लाख भएकोमा यो वर्ष रु.५ करोड ३२ लाख नाफा गरेकोमा विगत वर्षको आयकर रु.१९ करोड १६ लाख खर्च भई वर्षान्तमा सञ्चित नोक्सानी रु.८३ करोड १५ लाख पुगेको छ ।

उद्योगको क्लिंकर उत्पादन क्षमता वार्षिक २ लाख ६० हजार मेट्रिकटन रहेकोमा यस वर्ष १ लाख ४ हजार मेट्रिकटन मात्र उत्पादन गरेको छ । उद्योगको स्थिर खर्च निरन्तर बढ्दो क्रममा रहेको तर क्षमताको करिब ४० प्रतिशत मात्र उपयोग भएकोले निरन्तर घाटामा गई यस वर्षसम्म रु.८३ करोड १४ लाख ६९ हजार सञ्चित नोक्सान पुगेको छ । तसर्थ: उत्पादन क्षमताको पूर्ण उपयोग गर्नुपर्दछ ।

२०. **आन्तरिक नियन्त्रण व्यवस्था –** यस सम्बन्धी देखिएकाव्यहोरा निम्नानुसार छन्:

२०.१ उद्योगले स्थिर सम्पत्तिको बीमागर्दा भूकम्पबाट हुने जोखिमको बीमा समावेश गरेको छैन । यस आर्थिक वर्षमा भूकम्पले आवासीय भवनमा अनुमानित रु.३ करोड ३ लाख, प्लान्टको सिभिल संरचना र मेसिनरीहरुमा रु.२ करोड ६४ लाख र प्रयोगशालामा रु.५ लाखसमेत रु.५ करोड ७२ लाख बराबरको क्षति भएको उद्योगले गरेको आन्तरिक मूल्याङ्कन रहेकोमा सोको खर्च व्यवस्था गरेको छैन ।

२०.२ उद्योगले यस वर्षसम्म कर्मचारी हीत कोषमा रु.१ अर्ब ४५ लाख खर्च लेखाङ्कन गरेको छ । व्यवस्था रकम बराबर लगानी कायम गरिनुपर्नेमा नागरिक लगानी कोषमा रु.५३ करोड २ लाखमात्र जम्मा गरी रु.४७ करोड ४३ लाख कम लगानी गरेको छ । स्रोतको पहिचान गरी बाँकी रकम लगानी गर्नुपर्ने देखिन्छ ।

श्रम नियमावली, २०५०को नियम २३ अनुसार ३ वर्ष वा सोभन्दा बढी सेवा गरेका कुनै स्थायी कामदार वा कर्मचारीले अवकाश पाएमा वा सेवाबाट अलग भएमा उपदान पाउने व्यवस्था रहेकोमा उद्योगको कर्मचारी सेवाशर्त नियमावलीको ६.१०.२ अनुसार ५ वर्ष वा सोभन्दा बढी सेवा पूरा गरेका स्थायी कर्मचारीले सेवाबाट अलग हुँदा एकमुष्ट उपदान पाउने व्यवस्था गरेकोले श्रम नियमावलीसँग आन्तरिक नियमावली बाझिएको देखिन्छ । कानुनमा बाझिने गरी बढी सुविधा दिन मिल्ने देखिँदैन ।

२०.३ मौज्दातमा देखाइएको रकममध्ये जनरल स्टोर तर्फ रु.३८ लाख ११ हजार बराबरको सामान २०६८।६९ बाट हालसम्म खर्चभएको देखिँदैन । अन्य स्टोरको खर्च नभएको सामानहरुको विवरण लेखापरीक्षण अवधिसम्म प्राप्त हुन सकेन । प्रयोगमा नआउने सामानहरु स्टोर मौज्दातमा रहनाले चालु पुँजीमा असर पर्नजाने, स्टोरमा अनावश्यक ठाउँ ओगट्ने कार्यले व्यवस्थापनलाई झन्झटिलो बनाउने देखिन्छ । प्रयोगमा नआउने मौज्दातमा रहेका सामानहरुको यकिन गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । उद्योगको केन्द्रीय कार्यालयअन्तर्गत मुख्य स्टोरको जनरल स्टोर र स्पेयर पार्ट्सको मौज्दातमा उद्योगले यस वर्षमा खरिद गरी थप मौज्दात कायम भएको मध्ये कुल खरिदको २०.४५ प्रतिशतले हुने रु.१ करोड ५४ लाख ७६ हजारको सामानहरु प्रयोग नभई मौज्दात रहेको देखिन्छ । आवश्यकताको पहिचान गरी खरिद गर्नुपर्दछ ।

२०.४ उद्योगले नेपाल कोल लिमिटेड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. र एक प्रा.लि.मा रु.५ लाखका दरले रु.१५ लाख लगानी गरेकोमा पहिलो लिक्विडेसनमा गएको, दोस्रोको वित्तीय अवस्था यकिन

नभएको र तेस्रो हाल सम्पर्कमा नरहेकोले सो लगानी गतवर्षदेखिनै शंकास्पद देखिएको छ । आवश्यक कारबाही गरी लगानी असुली गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ६० निकायमा रु.१७ करोड ५७ लाख ७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ८८ हजार फछ्र्यौट गरेकोले रु.१७ करोड ५४ लाख १९ हजार बाँकी रहेको छ । सोमध्ये रु.७ करोड ५९ लाख ७० हजार पेश्की बाँकी रहेको छ ।
  - संगठित संस्था, अन्य संस्था र समितितर्फ रु.४ करोड ३४ लाख ३९ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरहेकोले बाँकी रहेको छ ।